# ८ स्तुति. प्रशंसाको वातावरण (जीवनलाई चाहिने वायु)

**यस अध्यायको निम्ति पढ्नुहोस्:** उत्पत्ति १:१,२, ९-१२, २०-२६, भजन १०४:२९, दानियल ५:२३, लुका ५:२३, प्रकाश २१:४

**स्मरण गर्नुपर्ने पदः** "अनि परमेश्वरले मानिसको आकृति रचना गर्नुभयो। उहाँले जमिनको माटोले त्यो आकृति बनाउनु भयो। त्यसपछि उहाँले जीवनको सास नाकमा फुकिदिनुभयो। अनि त्यसपछि त्यो रूप जीवित मानिस भयो।" (उत्पत्ति २:७बाट रूपान्तिरित)

केहि वर्ष अघिको घट्ना हो, पाँच जना सदस्यहरू भएको एक परिवार केहि दिनको छुट्टि मनाउन पहाडतिर लागेको थियो। तिनीहरू छोटो क्रिस्टमासको छुट्टि मनाउन गएका थिए। त्यहाँ तिनीहरूले एउटा कोठा भाडामा लिए। जाडोको मौसम भएकोले चिसो थियो। तिनीहरूले त्यस कोठामा कुनै पनि हावा नछिर्न सबै झ्यालहरू बन्द गरिदिए। अनि रातभरी न्यानो राख्न आगो बाली राखे। भोलीपल्ट ती छुट्टि मनाउन गएका परिवार कोहि पनि उठेन। के भयो त? त्यस कोठामा भएको जीवनदिने ग्याँस अक्सिजनलाई आगोले सिध्याइ सकेको थियो। त्यसको फलस्वरूप सबै जना दुखदपूर्वक निस्सासिएर मरे।

केहि हप्ता खानाबिना हामी बाँच्न सक्छौं, केहि दिन पानीबिना बाँच्न सक्छौं। यो सबैलाई थाहा भएकै कुरा हो। तर वायु वा हावा बिना केहि मिनेटमात्र बाँच्न सक्दछौं।

सफा हावा हाम्रो जीवनको निम्ति महत्वपूर्ण तत्व हो। फोहर, दुषित हावाले अनगिन्तियौं रोगहरू ल्याउँछन्। प्रदुषित हावामा सास फेर्नुपर्दा वर्षमा लाखौं मानिसहरू, विषेश गरेर बालबालिकाहरूले कष्ट भोगीरहेको पाउँछौं। हाम्रो शरीरको सबै अङ्गहरूमा जीवनदिने हावा जसलाई अक्सिजन भनिन्छ, पसिरहेको हुन्छ। त्यसकारण स्वच्छ तथा ताजा हावा हाम्रो शरीरको निम्ति नभइ हुँदैन। यस सफा ताजा हावाको

सन्देश हाम्रो लागि हो, यो सिँत्तैमा पाइन्छ। सबै मानिसले पैसा नतिरी यसको उपभोग गर्न पाउन सक्छन्।

यस अध्यायको झलकः स्वस्थ शरीरको निम्ति सफा र ताजा हावा नभइनहुने तत्व हो। हाम्रो शक्तिले भ्याएसम्म जतिसक्यो त्यत्ति सफा हावामा सास फेर्न भरमग्दुर प्रयास गर्नुपर्दछ।

## १. सृष्टिको वृतान्त (उत्पत्ति १:१,२)

बाइबलको प्रथम् पुस्तक उत्पत्ति १ अध्यायको १ र २ पदमा पृथ्वीको सृष्टि कसरी सुरू भयो भनेर यसरी भनिएको छः "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। पृथ्वी आकारबिनाको र शुन्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि घुम्दै रहन्थ्यो।" (रूपान्तरित)

जब परमेश्वरले यस पृथ्वीलाई सुरूमा सृष्टि गर्नु गर्नुभयो, त्यसबेला कुनै निश्चित आकार थिएन, न त क्रम नै थियो। यस पृथ्वी अन्धकार र शुन्यताले भरिएको थियो। त्यसमा ठिक के थियो र के भइरहेको थियो भन्ने कुरा बुझ्न हामीलाई कठिनै हुनसक्छ। तर जब यस पृथ्वीको सृष्टि भयो त्यसबेला यहाँ कुनै पनि जीवन वा जीवजिवातको सृष्टि भएको थिएन भन्ने कुरालाई स्पष्ट पार्दछ। यो तरल ढिक्कामाथि परमेश्वर अवस्थित हुनुभएको थियो भनेर स्पष्टरूपमा उल्लेख गरिएको छ। यसलाई यी वचनले पूष्टी गर्दछः "परमेश्वरको आत्मा पानीमाथि वरिपरि घुमिरहनुभएको थियो।" (उत्पत्ति १:२ रूपान्तरित)। यहाँ के भयो भनेर हामीले केवल अनुमान मात्र गर्न सकिन्छ।

अव अर्को केहि दिनहरूमा के भयो भनेर अगाडिको पदहरूले उल्लेख गरिएको पाउँछौं। ती दिनहरूमा जीवजीवात रहन यस पृथ्वीलाई तयार गरिरहेको थियो। यसको वर्णन उत्पत्ति १:३-१०मा उल्लेख गरिएको छ। यस पृथ्वीलाई कसरी विभिन्न समयमा विभाजीत गरेर थामीरहेको थियो भनेर यी पदहरूले देखाउँदछन्। परमेश्वरले उज्यालोलाई अन्धकारबाट, विभिन्न हावाको तहहरूबाट पानीलाई, र

अनि पानीबाट जमिन छुट्याउनुहुन्छ। परमेश्वरले सम्पन्न गर्नुभएको सबै काममा ती तत्वहरूलाई ठूला ठूला भागमा विभाजित गर्नुभएको पाउँछौं। जब उहाँले यस पृथ्वीलाई विभिन्न भागमा विभाजित गर्नुभयो र त्यसमा जीवहरू रहन अनुकुल वातावरण बनाउनु भयो, तब उहाँले प्रथम् जीवन सृष्टिगर्न अघि बढ्नुहुन्छ।

परमेश्वरले अर्को के सृष्टि गर्नुभयो भनेर उत्पत्ति १:९-१२ र उत्पत्ति १:२०-२६मा उल्लेख गरिएको छ। पढ्नुहोस्। यस काम सम्पन्न हुन के परिस्थिति वा अवस्थाहरूको आवश्यकता थियो? परमेश्वरले सृष्टि गर्नुभएको कामलाई सुचारु गर्न के को आवश्यकता थियो?

परमेश्वरको सृष्टिलाई पूर्ण रूपदिन उहाँले महान् गुरु योजना बनाउनुभएको थियो। अनेक किसिमका जीवजीवातहरूको सृष्टि गर्नुपरेको थियो। ती जीवजीवातहरू जीउन अनेक चिजहरूको आवश्यकता थियो। जब सृष्टिको कथालाई हामी अघि बढाउँछौं, तब धेरै जसो प्राणीहरू सुक्खा जमिनमा रहन परमेश्वरको योजना थियो भनेर हामी बुझ्छौं । ती जीवहरूलाई हावा वा अक्सिजन चाहिन्छ भनेर परमेश्वरलाई थाहा थियो। सृष्टिको दोश्रोदिन उहाँले यो आवश्यकता पूरा गर्नुभएको थियो। जब उहाँले पानी र बायुलाई छुट्याउनुभयो तब हामीलाई चाहिने हावा जमिनमा खटाइएको भनेर हामी बुझ्छौं। बायु र पानीको बिच छुटयाएर परमेश्वरले बाँकी सबै सृष्टिको काम सम्पन्न गर्नुभएको थियो।

सृष्टि सुनियोजित ढँगले भएको थियो भनेर सृष्टिको कथाले हामीलाई भन्दछ। यहाँ अपरझट वा अचानक सृष्टिको कुरा उल्लेख गरिएको छैन जुन वैज्ञानिकहरूले अनुमानित वा मनगढन्ते रूपमा प्रस्तुत गर्न खोज्दछन्। यसले परमेश्वरको स्वभाव र शक्तिको बारेमा हामीलाई के भन्छ? तपाईंको जीवनमा तपाईंले अनेकन् समस्याहरू झेलिरहनुभएको होला।तर यस सृष्टिको विवरणको आत्मज्ञानले तपाईं

परमेश्वरमा भर पर्नसक्नुहुन्छ भन्ने विश्वासलाई के तपाईंले ग्रहण सक्नुहुन्छ?

## २. हावाको आवश्यकता (उत्पत्ति २:७)

यस पृथ्वी भर्न परमेश्वरले जन्तु जनावरहरू सृष्टि गर्नुभयो। ती सबै एउटै तत्वमा साझेदार छन्। त्यो थियो जीवन धान्न अक्सिजन हावाको आवश्यकता। बायुमा धेरै ग्याँसहरू हुन्छन्, त्यसमा अक्सिजन २१ प्रतिसत हुन्छन्। (हाम्रो पृथ्वीको बायु करिब पाँच जहार ट्रिलियन-एक पछि १२ (अमेरिकन) वा १८ सुन्य (ब्रिटिश)-टन छन्)। नाइट्रोजन, आर्गोन, हेलियम, हाइड्रोजन र अरू ग्याँसहरू कम्तिमात्रामा समावेश भएका हुन्छन्। यस पृथ्वीमा हामीलाई चाहिने ठिक मात्रामा अक्सिजन ग्याँस परमेश्वरले राख्नुभएको छ।यो जीवित जीवातले फेर्नुपर्ने सासलाई चाहिने मात्रा हो। परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको बेलामा उहाँले कत्तिको सोचविचार गर्नुभएको रहेछ भनेर यसले प्रमाणित गर्दछ।

उत्पत्ति २:७मा परमेश्वरले आदमलाई सृष्टि गर्नुहुँदा हावालाई विशेष रूपमा प्रयोग गर्नुभएको थियो भनेर जनाउँछ। मानिसको सृष्टि अरू जीवजीवात भन्दा कसरी फरक थिए? परमेश्वरको सामु हामी विशेष हौं भनेर यस सृष्टिको बृतान्तले कसरी देखाएको छ?

सारा जन्तु जनावरहरूको सृष्टिमा हावा अत्यन्त अपरिहार्य तत्व हो भनेर स्पष्ट छ। किनभने सबै जन्तुहरू जीउन हावाको आवश्यकता पर्छ। तर मानिसलाई सृष्टि गर्दा फरक ढँगले गरिएको थियो। मानिसमा परमेश्वरले जीवनको सास फुकिदिनुभयो। अचम्म तरिकाले गरेको सृष्टिमा जीवन दिने बायु निश्चयनै महत्वपूर्ण भाग हो। यो कसरी भयो भने जब परमेश्वरले आदमको नाकमा सास फुक्नुभयो तब ऊ जीवित प्राणी भयो। जब आदमलाई मनुष्यको आकार दिएर लडाइएको थियो, उसमा कुनै जीवन थिएन। मानौं ऊ मुर्दासरी थियो। यो भन्दा अघि उसको कुनै अस्तित्व नै थिएन। उसलाई बिउँताउन एउटै कुराको

खाँचो थियो, त्यो थियो जीवन आफै। जीवन-दिने परमेश्वरले मात्र उसलाई जीवन दिन सक्नुहुन्थ्यो (सृष्टिको कुनै जीवजीवातहरूमा मानिसलाई जीवित पार्ने शक्ति थिएन)। परमेश्वरले जीवन दिएर मात्र आदमलाई बिउँताउनुभयो। प्रत्येक दिन जब हामी जीउँछौं तब, हामी परमेश्वरको जीवनदिने बरदानमा सहभागी भएका हुन्छौं भनेर स्विकार गर्नुपर्दछ। आदमको सृष्टिदेखि नै जीवनको उपहारलाई सारा मानव जातले निरन्तरता पाइरहेका छन्। हाम्रा प्रथम् पूर्खा आदमदेखि नै परमेश्वरको सास हामी सबैलाई हस्तान्तर भइरहेको छ। जब हामी सास फेर्छौं तब आदमलाई दिएको प्रथम जीवनको सासलाई हामीले निरन्तरता दिएका हुन्छौं। यहि सासले हामीलाई जीवित बनाइ राखेका छन्। प्रत्येक पल्ट जब हामी सास फेर्छौं तब त्यो सास परमेश्वरले आदमलाई फुकिदिनुभएको सास हो भनेर हामीले सम्झिरहनुपर्दछ।

लामो सास फेर्नुहोस्। यदि तपाईंमा सास फेर्ने समस्या छैन भने यो सरल र सजिलो मान्ने स्वाभाविक चाल हो। तर यो साँच्चिकै परमेश्वरको आश्चर्य काम हो। यो उपहार अदनको बँगैचादेखि सुरु भएको हो। यस जीवनको बरदानदेखि तपाईं कत्तिको कृतज्ञ हुनुहुन्छ? तपाईंको जीवन जोखिममा परेपछि मात्र किन कृतज्ञ हुन पर्खनुहुन्छ?

## ३. हाम्रो शिरमाथि भएको बायु (प्रेरित १७:२५)

जीवन र सासको बिचमा के सम्वन्ध छ भनेर देहायका पदहरूले देखाउँदछन्? प्रेरित १७:२५, दानियल ५:२३, भजन १०४, भजन २९ र भजन १४६:४।

बायुमा धेरै यस्ता असल तत्वहरू छन् जसले हामीलाई सुरक्षित राख्दछ। यस पृथ्विको वरिपरि बायु र पानीका बाफहरू छन् जसले पृथ्वी र मानिसहरूलाई सूर्यको किरण र बाह्य जगतका चिसोपनाबाट सुरक्षित राख्दछन्। वायुले नै पानी र धेरै रासायनिक पदार्थहरूलाई प्रसोधन गर्दछन् जसले गर्दा हाम्रो मौसमलाई संतुलनमा राख्दछन्। पृथ्वीमा भएको वायुमण्डलको विभिन्न तहमा जीवजीवातहरू रहेको

मानिसले पाइएकाछन्। कोहि धेरै उँचाईमा रहन्छन् भने कोहि धेरै खाल्डोमा, कोहि एकदम तातो मौसममा छन् भने कोहि एकदम चिसोमा। कुनै जीवलाई बाँच्न धेरै घाम र न्यानो चाहिन्छ भने अरूलाई कम्ति घाम र कम्ती न्यानो भए पुग्छ। कुनै जन्तुलाई धेरै अक्सिजन चाहिन्छ भने अरूलाई थोरै।

हाम्रो शरीरको रगत भएको अक्सिजनलाई फोक्सोबाट सुचारू रूपमा घुमाउन  र शरीरले बनाएको कार्बोन डाइअक्साइडलाई फैंक्न ताजा हावाको अत्यन्त आवश्यकता हुन्छ। यस्तो खालको हावा प्राकृतिक वातावरणमा पाइन्छ जहाँ रुखहरू, बोटबिरुवा र बगिरहेको पानी हुन्छन्। बिरुवाले कार्बोन डाइअक्साइड लिन्छन् र यसलाई प्रसोधन गरेर हावामा अक्जिन छोडिदिन्छन्।

आदम र हवालाई सबै प्रकारका बोट बिरुवाहरूको बिचमा परमेश्वरले राख्नुभएको कुरालाई हामीले सम्झनु पर्दछ। त्यस बँगैचालाई नदीले सिँचाइ गरेको थियो। त्यहि बँगैचाबाट निस्केको नदी पृथ्वीका महान् नदिहरूका मुहान भएको थियो। ती नदीका मुहानहरू जलप्रलय भन्दा अघिसम्म रहेका थिए। हाम्रो सम्पूर्ण सुस्वास्थ्यको निम्ति ताजा हावाको अत्यन्त आवश्यकता छ भन्ने सन्देशलाई हामीले मान्नु पर्दछ। ताजा र सफा हावामा हामीले जतिसक्यो त्यत्ति सास फेर्नुपर्दछ। एक व्यक्तिले चारमाना अक्सिजन रगत, फोक्सो र शरीरका कोशिकामा चाहिएको समयमा बोकेको हुन्छ। हाम्रो शरीरको प्रत्येक कोशलाई चलाउन हावा चाहिन्छ। जब हावाको आपूर्ति बन्दभयो भने जीवन चल्न सक्दैन। चार मिनेट भन्दा बढि हाम्रो मगजमा अक्सिजन भएन भने त्यस्मा भएको कोशहरू मर्न थाल्छन्। अनि मानिस पनि मर्न थाल्छ।

बराबर ताजा हावा तपाईंले कति प्रयोग गर्नुहुन्छ? ताजा हावा पाउन तपाईंले आफ्नो जीवनशैलीमा के परिवर्तन ल्याउनुपर्दछ? कहिलेकाहिँ झ्यालमात्र खोले पनि ताजा हावा पाइन्छ।

## ४. खराब हावा र असल हावा (भजन १४६:४)

ठूला ठूला शहरमा बस्नेहरूले फोहर र प्रदुषित हावा फेर्नु परेकोले त्यो ठूलो चुनौतीको रूपमा खडा भएको हामी पाउँछौं। अझ ताजा हावालाई प्रदुषित गर्ने त चुरोटको धुँवा हो। कार्यालय भवनहरूलाई चुरोटको धुँवाले प्रदुषित गरेको हुन्छ। फोहर हावामा सास फेर्नुपर्दा अनेकन् रोगहरूको शिकार हुनुपर्दछ। तिनीहरूमा केहि टाउको दुख्ने, वाकवाक गर्ने, वान्ता गर्ने, आँखा पिरो हुने र सासप्रस्वासको रोगहरू हुन्। भान्सा कोठामा हावालाई राम्ररी संचालन गर्न नदिएकोले संसारका कतिपय लाखौं मानिसहरू विशेष गरेर बालबालिकाहरू जीवनलाई जोखिम पार्ने रोगहरूले ग्रस्त भएको हामी पाउँछौं। घण्टौंसम्म खराब हावामा तिनीहरू बस्नुपर्दा तिनीहरूलाई विभिन्न रोगहरूले समातेको हुन्छ। हरियोपरियो रूखहरूको वरिपरि, पहाड र जङ्गलको हरियो बोटविरुवामा, बगिरहेको नदी, ताल, समुद्र, झरना र वर्षामा प्रसस्त मात्रामा असल ताजा हावा पाइन्छ। समुद्रमा भएको पानीझ्याउले हाम्रो हावालाई चाहिने अक्सिजन ९० प्रतिशतजति बनाउँछ। बाँकी १० प्रतिशत बोटबिरुवाबाट आउँछ। यदि तपाईंको घरमा हरियो बिरुवा राख्नुभयो भने त्यसले घरको हावालाई सफा राख्दछ र हानीकारक ग्याँस कार्बोन डाइअक्साइडलाई त्यसले हटाउँछन्।

त्यसकारण ताजा र सफा हावामा सास फेर्न हामीले भरमग्दुर प्रयास गर्नुपर्दछ। प्रत्येक बिहान सक्नुभयो भने कसरत गर्नुहोस्। त्यो पनि बाहिर खुला हावामा। जो मानिस भवन भित्र काममा तल्लिन भएको हुन्छ त्यो मानिसले बराबर बाहिर गएर ताजा हावा खाने महत्वलाई सम्झनुपर्दछ। एक छिन बाहिर गयो भने त्यस व्यक्तिले ताजा भएको अनुभव गर्दछ। रातमा झ्यालहरू अलिकतिमात्र भएपनि खोलेर सुत्नु राम्रो हुन्छ, किनभने सुत्ने बेलामा हामीले ताजा हावा फेर्नुपर्दछ।

"हामीसँग असल रगत छ, हामी राम्ररी सास फेर्छौं। ताजा र शुद्ध हावामा  पूरा र लामो सास फेर्दा हाम्रो फोक्सोमा अक्सिजनले भरिदिन्छ र हाम्रो रगतलाई सफा गर्दछ। त्यसले रगतलाई चहकिलो बनाउँछ र शरीरको प्रत्येक भागमा पठाइदिन्छ। ताजा हावामा सास फेर्दा हाम्रो नशाहरूलाई शान्त राख्दछ, भोक बढाउँछ र पाचनप्रणालीमा मद्दत गर्दछ। यसले ताजा र गहिरो निन्द्रा ल्याउँछ। हाम्रो फोक्सोले जतिसक्यो त्यत्ति राम्रोसँग सास फेर्न दिनुपर्दछ। यदि हाम्रो शरीर क्रियाशील रह्यो भने फोक्सोमा ताजा हावा पठाएर सासप्रस्वासमा मद्दत गर्दछ। यदि हाम्रो फोक्सो खुम्चियो र स्वतन्त्र रूपमा सास फेर्न सकेनौं भने यसले धेरै समस्याहरू ल्याउँछन्। जो मानिस बसिमात्र रहने काम गर्छ र आफ्नो शरीरलाई चलाउँदैन त्यस्तो मानिसहरूमा धेरै समस्याहरू आउँछन्। यस्तो अवस्थामा रहेको मानिसले लामो सास फेर्न सक्दैन। हल्का सास फेर्ने बानी हुने भएकोले फोक्सो कमजोर हुन्छ र यसले लामो तथा गहिरो सास फेर्न सक्दैन।"- एलेन जी ह्वाईट, *द मिनिस्त्री अभ हेल्थ एण्ड हिलिङ्ग,* पृष्ट १५१, १५२बाट रूपान्तरित।

प्रत्येक व्यक्तिको प्रत्येक परिस्थिति फरक हुन्छन्। कुनै मानिसहरूले हरदम ताजा र सफा हावा सधैं लिइरहेका हुन्छन्। अरूले ताजा हावा नभएको ठाँउमा रहनु वा काम गर्नुपरेको हुन्छ। तिर्खा लागेको मानिसलाई पानीको प्यास लागेको जस्तै त्यस्ता मानिसहरूलाई ताजा हावाको तिर्खा लाग्छ। तपाईं जहाँ भएपनि, पाएको ताजा र स्वच्छ हावाको सदुपयोग गर्नु अत्यन्त महत्वपूर्ण ठान्नु जरूरी छ।

हामीलाई दिएको यस सृष्टि संसारलाई कसरी हेरचाह गर्नुपर्दछ भनेर उत्पत्ति १:२६ले कसरी सिकाउँछ?

## ५. स्वर्गको बातावरण (अयुब ३८:६,७)

परमेश्वरको परिवारको निम्ति सृष्टि गरिएको यस भौगोलिक संसारको वातावरणको बारेमा हामीले यस अध्यायमा केन्द्रित गरेका थियौं। हामीले वातावरण भन्ने शव्द प्रयोग गरेर हाम्रो वरिपरि रहेको

बायुको बारेमा छलफल गरेका थियौं। तर केवल भौगोलिक मात्र नभएर हाम्रो वरिपरि रहेका मानिसहरूले दिने भर, मनस्थिति, भावाना र मर्महरूले पनि हामीलाई प्रभाव दाल्न सक्छन् भन्ने कुराको अत्यन्त ख्याल गर्नुपर्दछ। हाम्रा वरिपरि भएकाहरूले हामीलाई सकारात्मक र नकारात्मक वातावारण सृष्टि गर्न सक्दछन्।

"प्रत्येक व्यक्तिलाई आफ्नै वातावरणले घेरेको हुन्छ। हुनसक्छ यो वातावरणमा जीवन दिने शक्ति जस्तै विश्वास, साहस, आशा, उमङ्ग र प्रेमाभाव तपाईं पर्नुभएको होला। वा पापले गर्दा तपाईं बोझ र चिसो बातावरणमा पर्नुभएको होला। यो वातावरणमा असंतुष्ट र स्वार्थीपनाले उच्चस्थान पाएको हुनसक्छ। पापको विषले गर्दा जीउँदै मुर्दा भएको अनुभव पनि गरिरहनुभएको होला। हामी कुन् वातावरणमा छौं त्यसले हामीलाई थाहा दिएर होस् वा थाहा नदिएर होस्, हामीलाई कुनै न कुनै किसिमले प्रभाव पारिरहेको हुन्छ।"-एलेन जी ह्वाईट, *क्राइस्ट अवजेक्ट लेसनस्*, पृ. ३३९।

कोहि मानिस जीउँछन् वा मर्न तँछाडमछाड गर्छन्, तर यो कुन वातावरणमा त्यो मानिस हुन्छ त्यसमा भर पर्दछ। अब केहि समय स्वर्गको वातावरणको बारेमा चिन्तन गरौं। यो प्रशंसा र आनन्दको आत्मिक वातावरण हो। यो वातावरणको परिणामले गर्दा यहाँ अहिले नै भएका विश्वासीहरूको जीवनलाई कसरी असर पार्दछ भनेर हामी अध्ययन गर्न सक्दछौं।

स्वर्गको वातावरणको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँदछन्? अयूब ३८:६,७, भजन १०३:२०-२२, भजन १४८:२, लुका १५:७ र प्रकाश २१:४।

स्वर्गको वातावरणमा परमेश्वरप्रति आनन्द र प्रशंसा भएको हुन्छ भनेर ती पदहरूले स्पष्ट पार्दछन्। माथिको धेरैजसो पदहरूले स्वर्गदूतहरूका समूहहरूले परमेश्वरको प्रशंसा गाएका थिए भनेर देखाउँदछन्। परमेश्वरको प्रेम, दया र अनुग्रहको प्रशंसा उहाँको सिहाँसन वरिपरि शक्तिशाली स्वर्गदूतहरूले गाइरहेका छन् भन्ने कुरालाई

ख्याल गर्दा हामीमा सुन्दर अनुवभले छाएको हुन्छ। स्वर्ग त्यहाँ हो जहाँ आनन्द, स्तुति र खुशियालीले रजाइँ गरेको हुन्छ। यदि हामीले हाम्रो जीवनमा परमेश्वर पिता र येशूलाई ग्रहण गर्‍यौं भने (यूहन्ना १४:२३) यहि संसारमा त्यस स्वर्गको अनुभव गर्न सक्छौं भन्ने सन्देश अरूभन्दा के असल होला र? (प्रशिद्ध नेवारी कवी चित्तधर हृदयले कोर्नुभएको छ, “मरे पछि पाउने स्वर्ग मलाई के काम?")। परमेश्वर आफैले अहिलनै स्वर्गको ताजा हावामा सास फेर्नु भनेर आह्वान गर्नुभएको छ। जब हामीले यस पृथ्वीमा उहाँको काम सम्पन्न गरिहरन्छौं त्यसबेला हाम्रै घरमा पनि स्वर्गका वातावरण बनाउन बाइबलमा अनेक पदहरूले हामीलाई सिकाउँदछन्।

तपाईंको वरिपरि कस्ता खालका वातावरण छन्? उदाहरणमा, तपाईंका वचनहरू, कामहरू र मनस्थितिहरू कस्ता छन्? के तिनीहरू अन्ध्यारो र हाड सुकाउने जस्ता छन्? वा स्वर्गको प्रतिज्ञाहरूले तिनीहरू भरिएको हुनाले अनुकरणीय छन्? यस जिज्ञासाको जवाफले तपाईंको भित्री मनलाई खुलासा गर्दछ। के तपाईंको जीवनशैलीमा केहि परिवर्तन गर्नुपर्छ भनेर महशूस गर्नुभएको छ?

## उपसंहारः

थप जानकारीः यस अध्यायको विषयबस्तुलाई एलेन जी ह्वाईटले विभिन्न पुस्तकहरूमा प्रकाश पारेकाछन्, जस्तै *थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्ग*को पृ. १२३-१५२को अध्याय, “नट जजिङ्ग बट दुइङ्ग", *स्टेपस् टु क्राइस्ट* (उज्यालो बाटो)को पृष्ट ६७-७५मा उल्लेखित अध्याय “ग्रोइङ्ग अप इन्टु क्राइष्ट" र *द मिनिस्ट्री अभ हिलिङ्ग*को पृ. १५१-१५४मा रहेको अध्याय “जनरल हाइजिन" आदि।

“चिसो, तुखारोयुक्त वातावरणबाट निस्केर आउ भनेर परमेश्वरले उहाँका जनहरूलाई आह्वान गर्नुभएको छ। मायाप्रेम गर्ने वातावरणलाई बरफ जस्तै जमाइराखेकाहरूलाई त्यसलाई हल्लाएर झारीदेउ भनेर उहाँ भन्नुहुन्छ। यस्तो वातावरणमा पर्दा तिनीहरू स्वार्थले

अभिप्रेरित हुन्छन् र केहि काम गर्न पनि जाङ्गर हुँदैन। निच मानेर रहेका र पृथ्वीको तल्लो भागमा परेका ठान्नेहरूलाई स्वर्गको स्पष्ट र रमाइलो न्यानो वातावरणमा आऊ भनेर परमेश्वरले निर्देशन दिनुहुन्छ।"-एलेन जी ह्वाईट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ६०७बाट रूपान्तरित।

"ख्रीष्ट येशू त्यस्ता मानिसहरूको साथमा रहनुहुन्छ जो स्वर्गको वातावरणको वरिपरि रहेका हुन्छन्। यस्ता भक्तजनहरूका शुद्ध सेतो पहिरणमा परमेश्वरको बँगैचाबाट मिठो बास्ना आउने अत्तर छरिएका हुन्छन्।"-एलेन जी ह्वाईट, थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्ष, पृ. १३५बाट रूपान्तरित।

"हाम्रो वरिपरि फोहर, प्रदुषित वातावरण होला। तर यस्तो हावाबाट हामी सास फेर्नु आवश्यकता छैन। बरू, स्वर्गको शुद्ध हावामा हामी रहनसक्छौं। हृदयदेखि इमान्दारीपूर्वक प्रार्थना गरेर हामी परमेश्वरको सामुन्ने हाम्रो आत्मालाई उचाल्न सक्दछौं। हामीले हाम्रा अपवित्र बिचार र पापी तर्कहरू आउन नदिन हाम्रो शरीरको सबै अङ्गका ढोकाहरूलाई बन्द गर्नसक्छौं। तर यो काम केवल हामीले परमेश्वरको सामु रहन राजी भयौं भने मात्र सम्पन्न हुन्छ। जस्ले मानिसको हृदय परमेश्वरको आशिष र भरमा हिंडन खुला राख्दछन्, त्यो यस संसारमा रहेका अरू मानिसभन्दा पनि पवित्र वातावरणमा हिंड्न सक्षम् हुनेछन्। स्वर्गसँग नजिकको सम्पर्कमा यस्ता खालका मानिसहरू रहिरहेकाहुन्छन्।"-एलेन जी ह्वाईट, *स्टेपस् टु क्राइष्ट,* पृ. ९९बाट रूपान्तरित।

**चिन्तनमनन:**

१, तपाईं रहेको ठाँउको हावाको अवस्था कस्तो छ? यदि तपाईं गाउँघरमा रहनुभएको छ भने त्यो अत्यन्त उपयुक्त ठाउँ हो। यहाँ तपाईंले धेरै ताजा र स्वच्छ हावा पाउनु हुन्छ। यदि तपाईं शहरमा रहनुभएको छ भने तपाईंको चुनौती के हो?

२. दुषित हावाको चिन्ता धेरै गम्भिर कुरो हो। यस्तो समस्यासँग मुकाबिला गर्न तपाईं एक जिम्मेवार व्यक्तिको हिसाबले के गर्न सक्नुहुन्छ? चर्चकै हैशियतले हामीले के गर्नसक्छौं?

३. "परमेश्वरसँगको सङ्गत, येशूसँगको सङ्गत र पवित्र स्वर्गदूतहरूको सङ्गतमा रहने परमेश्वरका कामदारहरू स्वर्गका वातावरणमा रहेका हुन्छन्। यस्तो वातावरणले शरीरलाई स्वस्थ बनाउँछ, दिमागलाई शक्ति दिन्छ र आत्मामा आनन्द दिन्छ।"-एलेन जी ह्वाईट, गस्पल वर्कर्स, पृ. ५१३बाट रूपान्तरित। यस उद्देष्यमा पुग्न विश्वासीहरू कसरी एक आपसमा सहयोग गर्नसक्छन्?

४. अस्वस्थ हावाले गर्दा बिमारी भइरहेका कुनै मानिसहरू तपाईंलाई थाहा छ? यदि छ भने उनीहरूलाई तपाईंले कसरी मद्दत गर्न सक्नुहुन्छ? शुद्ध र ताजा हावामा रहन तिनीहरूलाई तपाईंले किन नसघाउने?

५. तपाईंको समूहमा स्वास्थ्य कर्मीहरूलाई निम्त्याउनुहोस् र ताजा हावाले मानिसको स्वास्थ्यलाई कसरी सुधार गर्न सकिन्छ भन्ने कुराको जानकारी तिनीहरूबाट लिनुहोस्।